बारा जिल्ला अदालत, कलैया

चमेनागृह संचालन सम्बन्धी ७ दिने सूचना

प्रथम पटक सूचना प्रकाशित मितिः २०८०।१०।०९

बारा जिल्ला अदालत, कलैयाको भवन कम्पाउण्ड भित्र अदालतका माननीय न्यायाधीश, कर्मचारी, सुरक्षाकर्मी एवं सेवाग्राही स्वयंले भुक्तानी गर्ने गरी तपशील बमोजिमको शर्तको अधिनमा रही खाजा/खाना उपलब्ध गराउने गरी चमेनागृह सञ्चालन गर्नुपर्ने भएको हुँदा ईच्छुक व्यक्ति तथा व्यवसायीले ७(सात) दिन भित्र कार्यालय समयमा खाजा/खानाको परिकार र इकाई अनुसारको खाजा तथा खाना के कति दररेटमा उपलब्ध गराउन सकिन्छ ? खाजा /खानाको विवरण र इकाई सहितको फाराम यस कार्यालयको प्रशासन शाखाबाट खरिद गरी दर्ता गर्न सकिनेछ ।

1. दरभाउपत्र फाराम खरिदका लागि यस अदालतको लेखा शाखामा रु.५००। जम्मा गरी सो को नगदि रसिद पेश गर्नु पर्नेछ।
2. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ७(सात) दिन भित्र कार्यालय समयमा दरभाउ पत्र फाराम खरिद गरी दर्ता गर्न सकिनेछ । सूचना प्रकाशित भएको मितिले ८ औ दिन दिनको २:०० बजे दर्ता हुन आएका सिलबन्दी दरभाउपत्र यस कार्यालयमा खोलिने छ। ८औं दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलीपल्ट सोही समयमा खोलिनेछ।
3. सिलबन्दी दरभाउपत्र फाराममा दर रेट अंक र अक्षर दुबैमा केरमेट नगरि स्पष्ट उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ। रीत नपुगेका र नबुझिने गरी केरमेट गरी पेश गरेको दरभाउपत्र फारामलाई मूल्याङ्कनमा समावेश गरिने छैन।
4. प्राप्त सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस अदालतलाई रहनेछ।
5. चमेनागृह सञ्चालन गरेवापत वार्षिक रु. ५,०००/- (पाचहजार) यस अदालतको राजश्व खातामा जम्मा गर्नु पर्नेछ ।
6. अदालत र चमेना गृह सञ्चालक वीच सम्झौता गर्नु अघि सञ्चालकले अदालतले तोकिदिए बमोजिम रु. १००००। धरौटी जम्मा जम्मा गर्नु पर्नेछ।
7. सरसफाई प्रयोजनको लागि पानी अदालतले उपलब्ध गराउने र पिउने तथा खाना पकाउने स्वच्छ पानीको व्यवस्था सञ्चालक स्वयंले गर्नुपर्नेछ।
8. चमेनागृहका लागि जडान भएको छुट्टै विद्युत सब मिटरमा उठेको बिलको भुक्तानी गर्ने दायित्व चमेनागृह सञ्चालकको हुनेछ।

9. चमेना गृह संचालन गर्न इच्छुक व्यक्ति वा व्यवसायीलाई अदालत भवनको कम्पाउन्ड भित्र चमेना गृह निर्माणको लागि अदालतले खाली जमिन उपलब्ध गराउने र आफ्नै लगानीमा अदालतले तोकिएको मापदण्ड अनुसारको चमेना गृह निर्माण गरी आवश्यक पर्ने टेबुल, कुर्सी तथा भाडा वर्तनको व्यवस्था सञ्चालक स्वयंले गर्नुपर्नेछ।
10. प्रचलित परिमाण भन्दा घटी नहुने गरी चमेनागृहबाट उपलब्ध गराईने खाद्य परिकार स्वस्थ तथा गुणस्तरयूक्त हुनु पर्नेछ।
11. खाद्य परिकारको परिमाण, स्वस्थ तथा गुणस्तर एवं चमेनागृह वरपरको सरसफाई स्थितिका बारेमा निरन्तर अनुगमन हुनेछ।
12. पूर्वनिर्धारित स्तरको सेवा प्रवाह सन्तोषजनक नभएको पाइएमा जुनसुकै बखत अदालतले एकतर्फि रुपले सम्झौता रद्ध गरी सञ्चलकलाई हटाउन सक्नेछ।
13. चमेनागृह सञ्चालनको अवधी पहिलो पटक २०८२ असार मसान्तसम्म कायम रहने छ। त्यसपछि सेवा सन्तोषजनक रहे सम्म प्रत्येक वर्ष संझौता नविकरण हुदैं जाने छ।
14. चमेनागृहबाट उपलब्ध गराउनुपर्ने मूख्य मूख्य खाजा/खानाको परिकार, इकाई र मूल्य देहाय बमोजिम खुलाई पेश गर्नु पर्नेछ ।
15. दरभाउपत्रको मूल्याङकन इकाईगत रुपमा नभई एकमुष्ट पेश गरेको मूल्यलाई आधार लिइने छ।

| क्र.सं. | विवरण | इकाइ | सिलबन्दी दरभाउपत्र पेश गर्नेको प्रस्तावित मूल्य | | कैफियत |
|---|---|---|---|---|---|
| | | | कवोल दर अंकमा | कवोलदर अक्षरमा | |
| १ | सादा खाना | १ सेट | | | |
| २ | मटन खाना सेट | १ सेट | | | |
| ३ | चिकेन खाना सेट | १ सेट | | | |
| ४ | समोसा | १पिस | | | |
| ५ | उसिनेको मकै | १ घोगा | | | |
| ६ | चना चिउरा | १ प्लेट | | | |
| ७ | रोटी तरकारी | १ प्लेट | | | |
| ८ | मिक्स फलफुल | १ प्लेट | | | |
| ९ | जेरी तरकारी पुरी | १प्लेट | | | |
| १० | भेज पकौडा | १ प्लेट | | | |
| ११ | पनिर पकौडा | १ प्लेट | | | |
| १२ | उसिनेको अण्डा चना | १ पिस | | | |
| १३ | समोसा चार्ट | १ प्लेट | | | |
| १४ | दुध चिया चिया | १ कप | | | |
| १५ | कालो चिया | १ कप | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १६ | दुध कफि | १ कप | | | |
| १७ | ब्ल्याक कफि | १ कप | | | |
| १८ | अमलेट | १ पिस | | | |
| १९ | कोक २५० ml | १ बोटल | | | |
| २० | फेन्टा २५० ml | १बोटल | | | |
| २१ | स्प्राइट २५० ml | १ बोटल | | | |
| २२ | रियलजुस २५० ml | प्रतिगोटा | | | |
| २३ | लस्सी | १ ग्लास | | | |
| २४ | भेज मम दश पिस | १ प्लेट | | | |
| २५ | चिकेन मम दश पिस | १ प्लेट | | | |
| २६ | पनिर मम दश पिस | १ प्लेट | | | |

अदालतको सूचनामा प्रकाशन गरेको तथा यसै दरभाउपत्रमा उल्लेख भएका सर्त पालन गर्न मन्जुर भई यो दरभाउपत्र पेश गरेको छु।

कबोल गरेको कुल जम्मा रकम

अंकमा:

अक्षरमा:

दरभाउपत्र प्रमाणित गर्ने अधिकारी

दस्तखत:

नाम:

शिलबन्दी भरभाउपत्र पेश गर्नेको

दस्तखत:

नाम:

ठेगाना:

मोवाईल न:

जिल्ला अदालत